# स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा हुने रूपध्वन्यात्मक परिवर्तन

खगेन्द्र जोशी
उपप्राध्यापक, नेपाली
सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस
khj.joshi@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा नेपाली भाषामा प्रयुक्त स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा हुने रूपध्वन्यात्मक परिवर्तनको अध्ययन गरिएको छ । नेपाली भाषामा पाइने स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा केकस्तो रूपध्वन्यात्मक परिवर्तन हुन्छ भन्ने विषयवस्तुमा अध्ययन केन्द्रित छ । प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा रहेको छ । लेखका लागि आवश्यक सामग्री पुस्तकालय कार्यबाट र नेपाली मातृभाषी वक्ताबाट सङ्कलन गरिएको छ । यसका साथै नेपाली भाषाको अध्ययनमा संलग्न अन्य अध्ययतासँगको परामर्श र पुस्तकालय कार्यबाट प्राप्त सामग्रीको पनि यथोचित प्रयोग गरिएको छ । ध्वन्यात्मक परिवर्तनसँग सम्बद्ध सैद्धान्तिक पक्षको अध्ययनका लागि सन्धिनियमबारे चर्चा गरिएका परम्परागत व्याकरणका पुस्तक तथा रूपध्वनि विज्ञानसम्बद्ध आधुनिक भाषाविज्ञानका पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गर्दै सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै निष्कर्ष निकाल्ने र नियम प्रतिपादन गर्ने काम गरिएकाले सामग्रीको विश्लेषण गर्न आगमन विधिको उपयोग गरिएको छ । नेपाली भाषामा पाइने धातुहरू व्यञ्जनान्त र स्वरान्त गरी दुई किसिमका छन् । स्वरान्त धातुलाई पनि एकस्वरान्त र द्विस्वरान्त गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । धातुको अन्त्यमा एउटा स्वर मात्र रहेको छ भने त्यस्ता धातुलाई एक स्वरान्त धातु भनिन्छ भने धातुका अन्त्यमा द्विस्वर भएमा त्यस्ता धातुलाई द्विस्वरान्त धातु भनिन्छ । कुनै दुई ध्वनि एकअर्काको नजिक हुँदा ध्वनि उपस्थित हुने परिवेशका कारणले ती दुई ध्वनिमध्ये कुनै एउटा ध्वनिमा वा दुवै ध्वनिमा परिवर्तन आए त्यस्तो परिवर्तनलाई रूपध्वन्यात्मक परिवर्तन भनिन्छ । नेपाली भाषाका स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिएर क्रियापद बन्दा धातु र रूपायक प्रत्ययको प्रकृतिअनुसार भिन्नभिन्न किसिमको रूपध्वन्यात्मक परिवर्तन हुन्छ ।

*शब्दकुञ्जी :* धातु, रूपायक प्रत्यय, सन्धि, आगम, लोप, आदेश ।

## १. विषयपरिचय

प्रस्तुत लेखमा नेपाली भाषाका स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा केकस्तो रूपध्वन्यात्मक परिवर्तन हुने गर्छ भन्ने कुराको खोजी गरिएकाले सर्वप्रथम धातु र रूपध्वन्यात्मक परिवर्तनबारे प्रस्ट हुनुपर्ने वाञ्छनीय हुन्छ । तसर्थ यिनै दुइटा पक्षबारे सङ्क्षेपमा प्रकाश पार्दै विषयप्रवेश गर्न खोजिएको छ ।

धातु क्रियापदको आधार तत्त्व अर्थात् मूल रूप हो । पढ्नु, बस्नु, खानु, गाउनु मा 'नु' झिकेर बाँकी रहने अंश पढ्, बस्, खा, गाउ धातु हुन् (अधिकारी, २०६७ पृ. १०६) । त्यही आधार तत्त्वमा आधेय तत्त्व अर्थात् रूपायक प्रत्यय  जोडिएर क्रियापदको रूप निर्माण हुन्छ । क्रियापदको आधार तत्त्वका रूपमा रहेका धातुलाई बनोट र अन्त्यका आधारमा वर्गीकरण गर्न सकिन्छ । बनोट अर्थात् व्युत्पत्तिका आधारमा धातुलाई मूल र व्युत्पन्न गरी दुई भागमा बाँड्न सकिन्छ । न्यूनतम अर्थयुक्त एकाइका रूपमा रहेका, टुक्र्याउन नसकिने, टुक्र्याउन खोज्दा न्यूनतम अर्थ पनि हराएर जाने धातुहरू नै मूलधातु हुन् । बस्, पढ्, लेख्, खा, पिउ, रह, नुहाउ आदि मूलधातुका उदाहरण हुन् । टुक्र्याउन सकिने, टुक्र्याउन खोज्दा टुक्रिएका अंशहरूमा न्यूनतम अर्थ रहिरहने धातुलाई व्युत्पन्न धातु भनिन्छ । व्युत्पन्न धातुलाई पनि प्रेरणार्थक धातु र नामधातु गरेर दुई भागमा बाँड्न सकिन्छ । मूलधातुमा आउ, याउ आदि व्युत्पादक प्रत्यय जोडिएर बनेका व्युत्पन्न धातु प्रेरणार्थक धातु हुन् । बसाउ, पढाउ, लेखाउ, डुलाउ आदि प्रेरणर्थक धातुका उदाहरण हुन् । नामिक पद तथा अव्ययमा आउ, याउ, इ आदि व्युत्पादक प्रत्यय जोडिएर बनेका व्युत्पन्न धातु नामधातु हुन् । भोकाउ, माटाउ, चिस्याउ, भित्रि, बाहिरि आदि नामधातुका उदाहरण हुन् ।

धातुका अन्त्यमा आउने वर्णका आधारमा धातुलाई व्यञ्जनान्त र स्वरान्त गरी दुई भागमा बाँड्न सकिन्छ । जुन धातुको अन्त्य व्यञ्जन वर्णमा हुन्छ त्यस्ता धातुलाई व्यञ्जनान्त धातु भनिन्छ । बस्, पढ्, लेख्, उठ्, आदि

व्यञ्जनान्त धातुका उदाहरण हुन् । नेपाली भाषामा बढी मात्रामा व्यञ्जनान्त धातु नै रहेका छन् । धातुको अन्त्य स्वर वर्णमा भएको छ भने त्यस्ता धातुलाई स्वरान्त धातु भनिन्छ । स्वरान्त धातुलाई पनि एकस्वरान्त र द्विस्वरान्त गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । धतुको अन्त्यमा एउटा स्वर मात्र रहेको छ भने त्यस्ता धातुलाई एक स्वरान्त धातु भनिन्छ । जा, खा, दि, भित्रि, बाहिरि आदि एकस्वरान्त धातुका उदाहरण हुन् । त्यस्तै गरी कुनै धातुका अन्त्यमा द्विस्वर भएमा त्यस्ता धातुलाई द्विस्वरान्त धातु भनिन्छ । नहाउ, पुऱ्याउ, पढाउ, सिकाउ, मोटाउ आदि द्विस्वरान्त धातुका उदाहरण हुन् । मूल धातु व्यञ्जनान्त र स्वरान्त दुवै किसिमका हुन्छन् तर व्युतपन्न धातुहरू भने स्वरान्त मात्रै हुन्छन् ।

कुनै दुई ध्वनि एकअर्काको नजिक हुँदा ध्वनि उपस्थित हुने परिवेशका कारणले ती दुई ध्वनिमध्ये कुनै एउटा ध्वनिमा वा दुवै ध्वनिमा परिवर्तन आउन सक्छ । ध्वनिमा आउने त्यस्तो परिवर्तनलाई नै रूपध्वन्यात्मक परिवर्तन भनिन्छ । ध्वनिमा आउने यस किसिमको परिवर्तका बारेमा रूपध्वनिविज्ञानले अध्ययन गर्दछ ।

धातुमा रूपायक प्रत्यय जोडिएर क्रियापद बन्दा धातु र रूपायक प्रत्ययको प्रकृतिअनुसार भिन्नभिन्न किसिमको रूपध्वन्यात्मक परिवर्तन देखा पर्छ । त्यस्तो रूपध्वन्यात्मक परिवर्तन धातु र रूपायक प्रत्ययको प्रकृतिमा आधारित हुन्छ । नेपाली भाषामा व्यञ्जनान्त धातुमा कुनै पनि रूपायक प्रत्यय जोडिँदा रूपध्वन्यात्मक परिवर्तन हुँदैन तर स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा भने रूपध्वन्यात्मक परिवर्तन हुन्छ । सामान्यतया रूपध्वन्यात्मक परिवर्तनसम्बन्धी ज्ञानको अभावका कारण कतिपय नेपाली भाषाका प्रयोक्ता खासगरी दोस्रो भाषाका रूपमा नेपाली बोल्ने वक्ताबाट धातु र प्रत्ययको प्रकृतिअनुरूप तिनका बिचमा हुने रूपध्वन्यात्मक परिवर्तन ठम्याउन नसकी क्रियापदको त्रुटियुक्त रूपको प्रयोग भइरहेको देखिन्छ । नेपाली भाषाका खा, जा, आदि एक स्वरान्त धातुमा वर्तमान कालको सामान्य पक्षबोधक रूपायक प्रत्यय 'छ' जोडेर खान्छ, जान्छ जस्ता क्रियापदको निमार्ण गर्दै आएका विमातृभाषी वक्ताले पढ्, बस् जस्ता व्यञ्जनान्त धातुमा पनि 'छ' प्रत्यय जोड्दा पढ्छ, बस्छ जस्ता रूप निमार्ण नगरी पढन्छ, बसन्छ (खास गरी डोटेली मातृभाषी वक्ताबाट यस्तो त्रुटि हुने गर्छ) जस्ता रूपको निमार्ण गरेको पाइन्छ । त्यस्तै गरी खा, जा, आदि एक स्वरान्त धातुमा नै अपूर्ण पक्ष बोधक प्रत्यय जोड्दा अनुनासिक आगम भई खाँदै, जाँदै हुनु पर्नेमा खान्छ, जान्छ कै सादृश्यतामा खान्दै, जान्दै (खास गरी मैथिली मातृभाषी वक्ताबाट यस्तो त्रुटि हुने गरेको) जस्ता क्रियापदको प्रयोग गर्ने गरेको पाइन्छ । यतिमात्र होइन रूपध्वन्यात्मक परिवर्तनसम्बन्धी नियमको अज्ञानताका कारणले प्रकृति प्रत्यय विभाजनमा र वर्णविन्यासको प्रयोगमा समेत त्रुटि हुने गरेको पाइन्छ । 'खान्छ' क्रियापदको प्रकृति प्रत्यय विभाजन गर्दा 'खा + छ' हुनुपर्नेमा 'खा + न्छ' गरेर विभाजन गरेको पाइन्छ भने 'गायो' क्रियापदको प्रकृति प्रत्यय विभाजन गर्दा 'गाउ + यो' हुनुपर्नेमा 'गा + यो' गरेर विभाजन गरेको देखिन्छ । त्यस्तै 'गयो' क्रियापदको प्रकृति प्रत्यय विभाजन गर्दा 'जा + यो' हुनुपर्नेमा 'ग + यो' गरेर विभाजन गरेको पाइन्छ । यही अज्ञानताका कारणले चन्द्रविन्दुको प्रयोगसम्बन्धी वर्णविन्यासीय त्रुटि पनि भइरहेका हुन्छन् । यसरी रूपध्वन्यात्मक परिवर्तनसम्बन्धी नियमको अज्ञानताका कारणले क्रियापदको वार्णिक संरचनामा देखा पर्ने त्यस्ता त्रुटि न्यूनीकरण गर्न र धातु र प्रत्ययको प्रकृतिअनुसार केकस्तो रूपध्वन्यात्मक परिवर्तन हुन्छ भन्ने कुराको  व्याख्या विश्लेषणमा यो लेख केन्द्रित रहेको छ ।

## २. समस्याकथन

नेपाली भाषाका क्रियापदहरूको रचना धातु र रूपायक प्रत्ययको योगबाट हुन्छ । क्रियापदको रूप रचना गर्ने धातुहरू भिन्नभिन्न प्रकृतिका छन् । कुनै धातु व्यञ्जनान्त छन् भने कुनै स्वरान्त छन् । स्वरान्त धातु पनि एकस्वरान्त र द्विस्वरान्त गरी दुई किसिमका छन् । ती भिन्नभिन्न प्रकृतिका धातुमा भिन्नभिन्न प्रकृतिका रूपायक प्रत्यय जोडिँदा केकस्तो रूपध्वन्यात्मक परिवर्तन हुन्छ भन्ने प्राज्ञिक जिज्ञासा नै यस लेखको मुख्य समस्या रहेको छ ।

## ३. अध्ययनको उद्देश्य

प्रस्तुत लेखको मुख्य उद्देश्य समस्या कथनमा औंल्याइएका जिज्ञासाको प्राज्ञिक समाधान खोज्नु नै हो । धातु र रूपायक प्रत्ययको प्रकृति विश्लेषण गरी तिनका बिचमा योग हुँदा हुन जाने रूपध्वन्यात्मक परिवर्तनसम्बन्धी नियम निरूपण गर्नतर्फ यो लेख केन्द्रित रहेको छ ।

## ४. अध्ययनको सीमा

नेपाली भाषाको शब्द भण्डारमा तत्सम, तद्भव र आगन्तुक गरी तिन किसिमका शब्द छन् । भिन्नभिन्न स्रोतबाट आएका यी शब्दहरूको व्युत्पादन तथा रूपायनका क्रममा आधार तत्त्वमा आधेय तत्त्वको योग हुँदा भिन्नभिन्न किसिमको रूपध्वन्यात्मक परिवर्तन देखा पर्छ । तत्सम शब्दका बिचमा योग हुँदा देखा पर्ने रूपध्वन्यात्मक परिवर्तन र तद्भव शब्दका बिचमा योग हुँदा देखा पर्ने रूपध्वन्यात्मक परिवर्तन एकै किसिमको हुँदैन । त्यस्तै गरी व्युत्पादन र रूपायनका क्रममा आधार पद र आधेय पदका बिचमा योग हुँदा देखा पर्ने रूपध्वन्यात्मक परिवर्तनमा पनि एकरूपता पाइँदैन । यसरी हेर्दा रूपध्वन्यात्मक परिवर्तनसम्बन्धी अध्ययनको क्षेत्र निकै व्यापक छ तर यो अध्ययन स्वरान्त धातुमा काल, पक्ष र भाव बोधक रूपायक प्रत्ययको योग हुँदा देखापर्ने रूपध्वन्यात्मक परिवर्तनसम्बन्धी अध्ययनमा मात्र सीमित रहेको छ । अध्ययनका क्रममा केही तथ्यको पुष्टिका लागि भने व्यञ्जनान्त धातुसँगको प्रत्ययको योगलाई पनि उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

## ५. अध्ययनविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा रहेको छ । यसमा नेपाली भाषाका एकस्वरात्मक तथा द्विस्वरात्मक धातु र रूपायक प्रत्ययका बिचमा योग हुँदा हुनजाने रूपध्वन्यात्मक परिवर्तनबारे अध्ययन गरिएको हुनाले एकस्वरात्मक तथा द्विस्वरात्मक धातु र रूपायक प्रत्यय नै अध्ययनका लागि आवश्यक  सामग्रीका रूपमा रहेका छन् । आफू स्वयम् नेपाली भाषी वक्ता हुनाले भाषा प्रयोगका क्रममा देखा परेका अध्ययनसँग सम्बद्ध सामग्रीलाई नै अध्ययनको मूल आधर बनाइएको छ । यसका साथै नेपाली भाषाको अध्ययनमा संलग्न अन्य अध्ययतासँगको परामर्श र पुस्तकालय कार्यबाट प्राप्त सामग्रीको पनि यथोचित प्रयोग गरिएको छ । ध्वन्यात्मक परिवर्तनसँग सम्बद्ध सैद्धान्तिक पक्षको अध्ययनका लागि सन्धिको नियमबारे चर्चा गरिएका परम्परागत व्याकरणका पुस्तक तथा रूपध्वनि विज्ञानसम्बद्ध भाषाविज्ञानका पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गर्दै सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै निष्कर्ष निकाल्ने र नियम प्रतिपादन गर्ने काम गरिएकाले सामग्रीको विश्लेषण गर्न आगमन विधिको उपयोग गरिएको छ ।

## ६. सैद्धान्तिक आधार

शब्द निर्माण तथा रूपायनका क्रममा आधार तत्त्व र आधेय तत्त्वका बिचमा योग हुँदा योग हुने शब्द वा शब्दांशको  वार्णिक संरचनाका आधारमा रूपध्वन्यात्मक परिवर्तन आउन पनि सक्छ र नआउन पनि सक्छ । यदि परिवर्तन आउँछ भने त्यस्तो अवस्थामा सन्धिजनित नियम लागु भएको मानिन्छ । सन्धिजन्य नियम घटित हुने क्रममा आगम, लोप वा आदेशको स्थिति देखा पर्छ ।

### ६.१ आगम

आगमको अर्थ आउनु भन्ने हुन्छ । कुनै व्यक्ति वा वस्तु कतैबाट आउने कामलाई आगम मानिन्छ । दुइटा ध्वनि एकअर्काको नजिक आउँदा तिनका बिचमा कुनै नयाँ ध्वनि थपिनुलाई आगम भनिन्छ । अर्को शब्दमा भन्दा रूपध्वन्यात्मक परिवर्तनका क्रममा सीमास्थलमा कुनै पनि ध्वनि थपिने प्रक्रियालाई आगम भनिन्छ  (न्यौपाने र न्यौपाने, २०६७ पृ. १३४) । 'खा' धातुमा 'छ' रूपायक प्रत्यय जोडिँदा बन्ने 'खान्छ' क्रियापदमा 'खा' र 'छ'का बिचमा 'न्' आगम भएको  छ ।

### ६.२ लोप

लोपको अर्थ मासिनु वा हराउनु हो । कुनै वस्तु नदेखिने वा हराउने स्थिति नै लोपको अवस्था हो ।  दुइटा ध्वनि एकअर्काको नजिक आउँदा तिनका बिचमा रहेको ध्वनि हराएर जान सक्छ । यसरी रूपध्वन्यात्मक परिवर्तनका क्रममा कुनै ध्वनि घट्ने वा हराउने प्रक्रियालाई लोप भनिन्छ (उही पृ. १३३) । 'गाउ' धातुमा 'यो' प्रत्यय जोडिँदा 'गाउ'मा रहेको 'उ' लोप भएर 'गायो' क्रियापद बनेको छ ।

**६.१ आदेश**

एउटा ध्वनिका स्थानमा अर्को ध्वनि आउनुलाई आदेश भनिन्छ । रूपध्वन्यात्मक परिवर्तनका क्रममा कुनै एउटा ध्वनिका ठाउँमा अर्को ध्वनि वा ध्वनि समूह आउने प्रक्रिया नै आदेश हो (उही पृ १३४) । 'हु' धातुमा 'यो' प्रत्यय जाडिँदा 'भयो' क्रिया बन्दछ । यहाँ 'हु'का स्थानमा 'भ' आदेश भएको छ ।

रूपध्वन्यात्मक परिवर्तन अर्थात् सन्धिसम्बन्धी यिनै सैद्धान्तिक मान्यतालाई आधार बनाई नेपाली भाषाका स्वरान्त धातुमा काल, पक्ष र भाव बोधक रूपायक प्रत्ययको योग हुँदा देखा पर्ने रूपध्वन्यात्मक परिवर्तनसम्बन्धी अध्ययनलाई अगाडि बढाइएको छ ।

**७. विश्लेषण**

**७.१ धातुमा काल तथा पक्षबोधक प्रत्यय जोडिँदा हुने रूपध्वन्यात्मक परिवर्तन**

धातुमा व्युत्पादक प्रत्यय जोडिँदा नाम, विशेषण, क्रिया विशेषण र व्युत्पन्न धातुहरूको निमार्ण हुन्छ भने रूपायक प्रत्यय जोडिँदा क्रियापदको रूप निर्माण हुन्छ । धातुमा व्युत्पादक प्रत्यय जोडिँदा नाम, विशेषण र क्रियाविशेषण वर्गका शब्द बन्ने हुनाले धातु नाम, विशेषण र क्रियाविशेषणको पनि आधार तत्त्वका रूपमा रहन सक्छ तर भाषाको शब्द भण्डारमा रहेका नाम, विशेषण र क्रियाविशेषण शब्दहरू आफैमा मूल शब्द पनि हुन्छन् र प्रातिपदिकमा तद्धित प्रत्यय जोडिएर पनि नाम, विशेषण र क्रियाविशेषण शब्दको निर्माण हुन्छ अर्थात् नाम, विशेषण र क्रियाविशेषण शब्दको आधार धातुमात्र हुँदैन । क्रियाको रूप निर्माण भने धातुमा रूपायक प्रत्यय जोडिएर मात्र हुन्छ । धातु बाहेकका अन्य शब्दबाट सोझै क्रियाको रूप निर्माण हुँदैन । नाम, विशेषण र क्रिया विशेषणमा व्युत्पादक प्रत्यय थपेर नामधातु बनाएपछि मात्र त्यसमा रूपायक प्रत्यय जोडिएर क्रियाको रूप निर्माण हुन्छ । त्यसकारण धातुलाई क्रियाको आधार तत्त्वका रूपमा चिनिन्छ । नेपाली भाषाका पाइने धातुलाई व्यञ्जनान्त र स्वरान्त गरी दुई भागमा बाँड्न सकिन्छ । व्यञ्जनान्त धातुमा काल तथा पक्ष बोधक रूपायक प्रत्यय जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन । जस्तै :

| | |
|---|---|
| बस् + छ = बस्छ(वर्तमान-सामान्य) | बस् + दै + छ = बस्दै छ(वर्तमान-अपूर्ण) |
| बस् + एको + छ = बसेको छ(वर्तमान-पूर्ण) | बस् + यो = बस्यो ( भूत-सामान्य) |
| बस् + थ्यो= बस्थ्यो (अभ्यस्त) | बस् + एछ = बसेछ (अज्ञात) |
| पढ् + छ = पढ्छ (वर्तमान-सामान्य) | पढ् + दै + छ = पढ्दै छ(वर्तमान-अपूर्ण) |
| पढ् + एको + छ = पढेको छ (वर्तमान-पूर्ण) | पढ् + यो = पढ्यो ( भूत-सामान्य) |
| पढ् + थ्यो = पढ्थ्यो (अभ्यस्त) | पढ् + एछ = पढेछ (अज्ञात) |

माथिको उदाहरणमा देखाइएअनुसार व्यञ्जनान्त धातु 'बस्' र 'पढ्'मा काल तथा पक्ष बोधक प्रत्यय जोडिँदा कुनै पनि किसिमको रूपध्वन्यात्मक परिवर्तन आएको छैन । यस आधारमा व्यञ्जनान्त धातुमा रूपायक प्रत्यय जोडिँदा रूपध्वन्यात्मक परिवर्तन हुँदैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा भने विभिन्न किसिमको रूपध्वन्यात्मक परिवर्तन हुन्छ । एकस्वरान्त धातुमा काल तथा पक्ष बोधक रूपायक प्रत्यय जोडिँदा निम्नानुसारको रूपध्वन्यात्मक परिवर्तन देखापर्छ । जस्तै :

| | |
|---|---|
| खा + छ = खान्छ (वर्तमान-सामान्य) | खा + दै + छ = खाँदै छ(वर्तमान-अपूर्ण) |
| खा+ एको + छ = खाएको छ (वर्तमान-पूर्ण) | खा + यो = खायो ( भूत-सामान्य) |
| खा+ थ्यो = खान्थ्यो (अभ्यस्त) | खा + एछ = खाएछ (अज्ञात) |
| जा + छ = जान्छ (वर्तमान-सामान्य) | जा + दै + छ = जाँदै छ(वर्तमान-अपूर्ण) |
| जा + एको + छ = गएको छ (वर्तमान-पूर्ण) | जा + यो = गयो ( भूत-सामान्य) |

जा + थ्यो = जान्थ्यो (अभ्यस्त)

जा + एछ = गएछ (अज्ञात)

रू + छ =रून्छ (वर्तमान-सामान्य)

रू + दै + छ =रूँदै छ(वर्तमान-अपूर्ण)

रू + एको + छ = रोएको छ (वर्तमान-पूर्ण)

रू + यो = रोयो ( भूत-सामान्य)

रू + थ्यो =रून्थ्यो (अभ्यस्त)

रू + एछ = रोएछ (अज्ञात)

माथिको उदाहरणमा देखाइएअनुसार एकस्वरान्त धातु 'खा', 'जा'मा काल तथा पक्ष बोधक प्रत्यय जोडिँदा रूपध्वन्यात्मक परिवर्तन आएको छ । 'खा' धातुमा रूपायक प्रत्यय 'छ' र 'थ्यो' जोडिँदा 'न्' आगम भएको छ भने 'दै' जोडिँदा अनुनासिक ( ँ) आगम भएको छ तर 'एको', 'यो' अनि 'एछ' जोडिँदा भने कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन आएको छैन । त्यस्तै गरी स्वरान्त धातु 'जा' र 'रू' मा रूपायक प्रत्यय 'छ' र 'थ्यो' जोडिँदा पनि 'न्' आगम भएको छ भने 'दै' जोडिँदा पनि अनुनासिक( ँ) नै आगम भएको छ तर 'जा' र 'रू' धातुमा 'एको', 'यो' अनि 'एछ' जोडिँदा भने 'जा'का स्थानमा 'ग' आदेश भएको छ र 'रू'का स्थानमा 'रो' आदेश भएको छ ।

त्यस्तै गरी द्विस्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा निम्नानुसारको रूपध्वन्यात्मक परिवर्तन देखापर्छ ।जस्तैः

नुहाउ + छ = नुहाउँछ (वर्तमान-सामान्य)

नुहाउ + दै + छ = नुहाउँदै छ(वर्तमान-अपूर्ण)

नुहाउ + एको + छ = नुहाएको छ (वर्तमान-पूर्ण)

नुहाउ + यो = नुहायो ( भूत-सामान्य)

नुहाउ + थ्यो = नुहाउँथ्यो (अभ्यस्त)

नुहाउ + एछ = नुहाएछ (अज्ञात)

पढाउ + छ = पढाउँछ (वर्तमान-सामान्य)

पढाउ + दै + छ = पढाउँदै छ(वर्तमान-अपूर्ण)

पढाउ + एको + छ = पढाएको छ (वर्तमान-पूर्ण)

पढाउ + यो = पढायो ( भूत-सामान्य)

पढाउ + थ्यो = पढाउँथ्यो (अभ्यस्त)

पढाउ + एछ =पढाएछ (अज्ञात)

माथिको उदाहरणमा देखाइए अनुसार द्विस्वरान्त धातु 'नुहाउ' र 'पढाउ'मा काल तथा पक्षबोधक प्रत्यय जोडिँदा रूपध्वन्यात्मक परिवर्तन आएको छ । 'नुहाउ' र 'पढाउ' धातुमा रूपायक प्रत्यय 'छ', 'दै' र 'थ्यो' जोडिँदा अनुनासिक( ँ) आगम भएको छ भने 'एको', 'यो' अनि 'एछ' जोडिँदा धातुमा रहेको 'आउ' द्विस्वरको पछिल्लो अंश 'उ' लोप भएको छ ।

कुनै पनि किसिमको धातुमा भविष्यत् कालको सामान्य पक्ष बोधक प्रत्यय 'नेछ' जाडिँदा भने रूपध्वन्यात्मक परिवर्तन हुँदैन । जस्तै :

पढ् + नेछ = पढ्छ, खा + नेछ = खानेछ, जा + नेछ = जानेछ, रू + नेछ =रूनेछ,

हु + नेछ = हुनेछ, दि + नेछ = दिनेछ, पढाउ + नेछ =पढाउनेछ, नुहाउ + नेछ = नुहाउनेछ,

पुऱ्याउ + नेछ = पुऱ्याउनेछ

माथिको उदाहरणमा देखाइए अनुसार कुनै पनि धातुमा 'भविष्यत् कालको सामान्य पक्षबोधक प्रत्यय 'नेछ' जोडिँदा *कुनै* पनि किसिमको रूपध्वन्यात्मक परिवर्तन आएको छैन ।

**७.२ धातुमा भावबोधक प्रत्यय जाडिँदा हुने रूपध्वन्यात्मक परिवर्तन :**

व्यञ्जनान्त धातुमा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन । जस्तै :

पढ् + Ø= पढ् (निम्न आदर), पढ् + अ=पढ (सामान्य आदर), पढ् + नुहोस्= पढ्नुहोस् (उच्च आदर)

माथिको उदाहरणमा देखाइए अनुसार व्यञ्जनान्त धातु 'पढ्'मा आज्ञार्थ/अनुरोधार्थ बोधक प्रत्यय जोडिँदा कुनै पनि किसिमको रूपध्वन्यात्मक परिवर्तन आएको छैन ।

आकारमा अन्त्य हुने एकस्वरान्त धातुमा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय जोडिँदा पनि कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन । जस्तै :

खा + Ø=खा (निम्न आदर), खा + ऊ=खाऊ (सामान्य आदर), खा + नुहोस् =खानुहोस् (उच्च आदर)

यहाँ आकारमा अन्त्य हुने एकस्वरान्त धातुमा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय जोडिँदा पनि कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन भएको छैन ।

आकार, इकार र उकारमा अन्त्य हुने एकस्वरान्त धातुमा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय जोडिँदा भने रूपध्वन्यात्मक परिवर्तन हुन्छ । अकारान्त धातु जस्तै :

रह + Ø= र (निम्न आदर), रह + ऊ = रऊ (सामान्य आदर), रह + नुहोस् = रहनुहोस् (उच्च आदर)

यहाँ अकारमा अन्त्य हुने एकस्वरान्त 'रह' धातुमा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय 'Ø' र 'ऊ' जोडिँदा 'रह' धातुमा रहेको 'ह' लोप भएको छ भने 'नुहोस्' प्रत्यय जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन भएको छैन ।

इकारान्त धातु जस्तै : दि + आज्ञार्थ = दे (निम्न आदर), दि + ऊ =देऊ (सामान्य आदर), दि + नुहोस् = दिनुहोस् (उच्च आदर)

उकारान्त धातु जस्तै : रू + आज्ञार्थ= रो (निम्न आदर), रू + ऊ = रोऊ (सामान्य आदर), रू + नुहोस्=रूनुहोस् (उच्च आदर)

यहाँ 'दि' र 'रू' धातुमा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय 'Ø' (निम्न आदर) र 'ऊ' (सामान्य आदर) जोडिँदा 'दि'का स्थानमा 'दे' आदेश भएको छ र 'रू'का स्थानमा 'रो' आदेश भएको छ तर रूपायक प्रत्यय 'नुहोस्' जोडिँदा भने कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन भएको छैन ।

द्विस्वरान्त धातुमा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय जोडिँदा पनि रूपध्वन्यात्मक परिवर्तन हुन्छ । जस्तै :

पढाउ + आज्ञार्थ = पढा (निम्न आदर) पढाउ + ऊ = पढाऊ (सामान्य आदर)

पढाउ + नुहोस् = पढाउनुहोस् (उच्च आदर) पढाउ + इबक्सियोस् = पढाइबक्सियोस् (अतिउच्च आदर)

यहाँ द्विस्वरान्त धातु 'पढाउ'मा आज्ञार्थ/अनुरोधार्थ बोधक रूपायक प्रत्यय 'Ø' (निम्न आदर), 'ऊ' (सामान्य आदर) र 'इबक्सियोस्' जोडिँदा 'पढाउ' धातुमा रहेको 'आउ' द्विस्वरको पछिल्लो अंश 'उ' लोप भएको छ तर रूपायक प्रत्यय 'नुहोस्' जोडिँदा भने कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन भएको छैन ।

व्यञ्जनान्त धातुमा इच्छार्थ बोधक रूपायक प्रत्यय जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन । जस्तै :

पढ् + ऊँ = पढूँ (प्रथम पुरूष, एकवचन) पढ् + औँ= पढौँ (प्रथम पुरूष, बहुवचन )

पढ् + एस्= पढेस् (द्वितीय पुरूष, निम्न आदर) पढ् + ए= पढे (द्वितीय पुरूष, सामान्य आदर)

पढ् + ओस्= पढोस् (तृतीय पुरूष, एकवचन) पढ् + ऊन् = पढून् (तृतीय पुरूष, बहुवचन )

यहाँ व्यञ्जनान्त धातु 'पढ्'मा भिन्न भन्न इच्छार्थ बोधक रूपायक प्रत्ययहरू जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन भएको छैन ।

एकस्वरान्त धातुमा इच्छार्थ बोधक रूपायक प्रत्यय जोडिँदा इकारान्त धातुमा 'ओ' र 'ओस्' धातु जोडिँदाबाहेक अन्य अवस्थामा रूपध्वन्यात्मक परिवर्तन देखापर्दैन । जस्तै :

खा + ऊँ = खाऊँ (प्रथम पुरूष, एकवचन) खा + औँ = खाऔँ (प्रथम पुरूष, बहुवचन)

खा + एस् = खाएस् (द्वितीय पुरूष, निम्न आदर) खा + ए = खाए (द्वितीय पुरूष, सामान्य आदर)

खा + ओस्= खाओस् (तृतीय पुरूष, एकवचन) खा + ऊन् = खाऊन् (तृतीय पुरूष, बहुवचन)

यहाँ एकस्वरान्त धातु 'खा'मा भिन्न भिन्न इच्छार्थ बोधक रूपायक प्रत्ययहरू जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन आएको छैन ।

दि + ऊँ = दिऊँ (प्रथम पुरूष, एकवचन) दि + औँ = दिऔँ (प्रथम पुरूष, बहुवचन)

दि + एस् = दिएस् (द्वितीय पुरूष, निम्न आदर) दि + ए = दिए (द्वितीय पुरूष, सामान्य आदर)

दि + ओस्= देओस् (तृतीय पुरूष, एकवचन) दि + ऊन् = दिऊन् (तृतीय पुरूष, बहुवचन)

यहाँ एकस्वरान्त धातु 'दि'मा 'ऊँ', 'औँ', 'ऊन्','एस्', 'ए' जस्ता इच्छार्थ बोधक रूपायक प्रत्यय जोडिँदा कुनै रूपध्वन्यात्मक परिवर्तन आएको छैन 'ओस्' जोडिँदा भने 'दि' का स्थानमा 'दे' आदेश भएको छ ।

रह + ऊँ = रहूँ (प्रथम पुरूष, एकवचन) रह + औँ = रहौँ (प्रथम पुरूष, बहुवचन)

रह + एस्= रहेस् (द्वितीय पुरूष, निम्न आदर) रह + ए = रहे (द्वितीय पुरूष, सामान्य आदर)

रह + ओस्= रहोस् (तृतीय पुरूष, एकवचन) रह + ऊन् = रहून् (तृतीय पुरुष, बहुवचन)

यहाँ एकस्वरान्त धातु 'रह'मा विभिन्न इच्छार्थ बोधक रूपायक प्रत्यय जोडिँदा 'रह'का अन्त्यमा रहेको 'अ' स्वर लोप हुन पुगेको छ ।

जा + ऊँ = जाऊँ (प्रथम पुरूष, एकवचन) जा + औँ = जाऔँ (प्रथम पुरूष, बहुवचन)

जा + एस् = गएस् (द्वितीय पुरूष, निम्न आदर) जा + ए = गए (द्वितीय पुरूष, सामान्य आदर)

जा + ओस्= जाओस् (तृतीय पुरूष, एकवचन) जा + ऊन् = जाऊन् (तृतीय पुरुष, बहुवचन)

यहाँ एकस्वरान्त धातु 'जा'मा 'ऊँ', 'औँ' 'ओस्', 'ऊन्' जस्ता इच्छार्थ बोधक रूपायक प्रत्यय जोडिँदा कुनैरूपध्वन्यात्मक परिवर्तन आएको छैन भने 'एस्' र 'ए' जोडिँदा 'जा' का स्थानमा 'ग' आदेश भएको छ ।

हु + ऊँ = होऊँ (प्रथम पुरूष, एकवचन) हु + औँ = होऔँ (प्रथम पुरूष, बहुवचन)

हु + एस् = भएस् (द्वितीय पुरूष, निम्न आदर) हु + ए = भए (द्वितीय पुरूष, सामान्य आदर)

हु + ओस्= होओस् (तृतीय पुरूष, एकवचन) हु + ऊन् = होऊन् (तृतीय पुरूष, बहुवचन )

यहाँ एकस्वरान्त धातु 'हु'मा 'ऊँ', 'औँ' 'ओस्', 'ऊन्' जस्ता इच्छार्थ बोधक रूपायक प्रत्यय जोडिँदा 'हु'का स्थानमा 'हो' आदेश भएको छ भने 'एस्' र 'ए' जोडिँदा 'हु' का स्थानमा 'भ' आदेश भएको छ ।

द्विस्वरान्त धातुमा इच्छार्थ बोधक रूपायक प्रत्यय जोडिँदा पनि रूपध्वन्यात्मक परिवर्तन हुन्छ । जस्तै :

गाउ + ऊँ = गाऊँ (प्रथम पुरूष, एकवचन) गाउ + औँ = गाऔँ (प्रथम पुरूष, बहुवचन)

गाउ + एस् = गाएस् (द्वितीय पुरूष, निम्न आदर) गाउ + ए = गाए (द्वितीय पुरूष, सामान्य आदर)

गाउ + ओस्= गाओस् (तृतीय पुरूष, एकवचन) गाउ + ऊन् = गाऊन् (तृतीय पुरुष, बहुवचन)

लगाउ + ऊँ = लगाऊँ (प्रथम पुरूष, एकवचन) लगाउ + औँ = लगाऔँ (प्रथम पुरूष, बहुवचन)

लगाउ + एस् = लगाएस् (द्वितीय पुरूष, निम्न आदर) लगाउ + ए = लगाए (द्वितीय पुरूष, सामान्य आदर)

लगाउ + ओस्= लगाओस् (तृतीय पुरूष, एकवचन) लगाउ + ऊन् = लगाऊन् (तृतीय पुरुष, बहुवचन)

यहाँ द्विस्वरान्त धातु 'गाउ' र 'लगाउ'मा विभिन्न इच्छार्थ बोधक रूपायक प्रत्यय जाडिँदा 'आउ' द्विस्वरको पछिल्लो अंश 'उ' लोप भएको देखिन्छ ।

व्यञ्जनान्त धातुमा सम्भावनार्थ बोधक रूपायक प्रत्यय जोडिँदा कुनै पनि किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन । जस्तै :

पढ् + उँला = पढुँला (प्रथम पुरूष, एकवचन) पढ् + औँला = पढौँला (प्रथम पुरूष, बहुवचन)

पढ् + लास् = पढ्लास् (द्वितीय पुरूष, पुलिङ्गी) पढ् + लिस् = पढ्लिस् (द्वितीय पुरूष, स्त्रीलिङ्गी)

पढ् + ला = पढ्ला (तृतीय पुरूष, एकवचन) पढ् + लान् = पढ्लान् (तृतीय पुरूष, बहुवचन)

यहाँ व्यञ्जनान्त धातु 'पढ्'मा भिन्न भिन्न सम्भावनार्थ बोधक रूपायक प्रत्ययहरू जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन भएको छैन ।

'जा', 'खा' जस्ता आकारान्त धातुमा पनि सम्भावनार्थ बोधक रूपायक प्रत्यय जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन । जस्तै :

खा + उँला = खाउँला (प्रथम पुरूष, एकवचन) खा + औँला = खाऔँला (प्रथम पुरूष, बहुवचन)

खा + लास् = खालास् (द्वितीय पुरूष, पुलिङ्गी) खा + लिस् = खालिस्(द्वितीय पुरूष, स्त्रीलिङ्गी)

खा + ला = खाला (तृतीय पुरूष, एकवचन) खा + लान् = खालान् (तृतीय पुरूष, बहुवचन)

यहाँ आकारान्त धातु 'खा'मा भिन्न भिन्न सम्भावनार्थ बोधक रूपायक प्रत्ययहरू जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन भएको छैन ।

'दि', 'लि' जस्ता इकारान्त धातुमा भने प्रथम पुरूषबाहेक अन्य सम्भावनार्थ बोधक रूपायक प्रत्यय जोडिँदा रूपध्वन्यात्मक परिवर्तन हुन्छ । जस्तै :

दि + उँला = दिउँला (प्रथम पुरूष, एकवचन) दि + औँला = दिऔँला (प्रथम पुरूष, बहुवचन)

दि + लास् = देलास् (द्वितीय पुरूष, पुलिङ्गी) दि + लिस् = देलिस्(द्वितीय पुरुष, स्त्रीलिङ्गी)

दि + ला = देला (तृतीय पुरूष, एकवचन) दि + लान् = देलान् (तृतीय पुरुष, बहुवचन)

यहाँ इकारान्त धातु 'दि'मा सम्भावनार्थ बोधक रूपायक प्रत्यय 'उँला', 'औँला' जोडिँदाकुनै रूपध्वन्यात्मक परिवर्तन आएको छैन तर 'लास्', 'लिस्', 'ला', 'लान्' जस्ता प्रत्यय जोडिँदा 'दि' का स्थानमा 'दे' आदेश भएको छ ।

द्विस्वरान्त धातुमा सम्भावनार्थ बोधक रूपायक प्रत्यय जोडिँदा पनि रूपध्वन्यात्मक परिवर्तन हुन्छ । जस्तै :

मोटाउ + उँला = मोटाउँला (प्रथम पुरूष, एकवचन) मोटाउ + औँला = मोटाऔँला (प्रथम पुरूष, बहुवचन)

मोटाउ + लास् = मोटाउलास् (द्वितीय पुरूष, पुलिङ्गी) मोटाउ + लिस् = मोटाउलिस् (द्वि. पुरूष, स्त्रीलिङ्गी)

मोटाउ + ला = मोटाउला (तृतीय पुरूष, एकवचन) मोटाउ + लान् = मोटाउलान् (तृ. पुरुष, बहुवचन)

यहाँ द्विस्वरान्त धातु 'मोटाउ'मा सम्भावनार्थ बोधक रूपायक प्रत्यय 'उँला', 'औँला' जोडिँदा 'आउ' द्विस्वरको पछिल्लो अंश 'उ' लोप भएको देखिन्छ तर 'लास्', 'लिस्', 'ला', 'लान्' जस्ता प्रत्यय जोडिँदा भने कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन आएको छैन ।

**८. निष्कर्ष**

प्रस्तुत अध्ययनबाट के कुरा पुष्टि हुन्छ भने नेपाली भाषाका धातुहरूमध्ये व्यञ्जनान्त धातुमा जुनसुकै रूपायक प्रत्यय जोडिँदा पनि रूपध्वन्यात्मक परिवर्तन हुँदैन तर एकस्वरान्त धातु र द्विस्वरान्त धातुमा भने रूपायक प्रत्यय जोडिँदा पनि रूपध्वन्यात्मक परिवर्तन हुन जान्छ । यसरी स्वरान्त धातुमा रूपायक प्रत्यय जोडिँदा हुनजाने रूपध्वन्यात्मक परिवर्तनलाई बुँदागत रूपमा निम्नानुसार सूत्रबद्ध गर्न सकिन्छ ।

१. एकस्वरान्त धातुमा 'छ्', 'थ्'बाट सुरू हुने प्रत्यय जोडिँदा सन्धिस्थलमा 'न्' आगम हुन्छ ।

२. द्विस्वरान्त धातुमा 'छ्', 'थ्'बाट सुरू हुने प्रत्यय जोडिँदा सन्धिस्थलमा 'अनुनासिक'( ँ) आगम हुन्छ ।

३. एकस्वरान्त तथा द्विस्वरान्त धातुमा 'द'बाट सुरू हुने प्रत्यय जोडिँदा सन्धिस्थलमा 'अनुनासिक'( ँ) आगम हुन्छ ।

४. 'जा' धातुमा'इ','ए', 'य'बाट सुरू हुने प्रत्ययजोडिँदा'जा'का स्थानमा 'ग' आदेश हुन्छ ।

५. 'हु' धातुमा'इ', 'ए', 'य'बाट सुरू हुने प्रत्यय जोडिँदा 'हु'का स्थानमा 'भ' आदेश हुन्छ ।

६. 'धु', 'रू','छु' जस्ता उकारान्त एकस्वरान्त धातुमा'इ', 'ए', 'य'बाट सुरू हुने प्रत्यय जोडिँदा 'उ'का स्थानमा 'ओ' आदेश हुन्छ ।

७. 'दि', 'लि' जस्ता इकारान्त धातुबाट निम्न तथा सामान्य आदरार्थी आज्ञार्थ, तृतीय पुरूष, इच्छार्थ तथा द्वितीय र तृतीय पुरूष सम्भावनार्थ क्रियाको रूप निमाण गर्न तदनुरूपको प्रत्यय जोड्दा 'इ'का स्थानमा 'ए' आदेश हुन्छ ।

८. 'रह' धातुमा निम्न तथा सामान्य आदरार्थी आज्ञार्थ बोधक प्रत्यय जोडिँदा 'ह' लोप हुन्छ भने इच्छार्थ बोधक र सामान्यार्थ बोधक (प्रथम पुरूष) रूपायक प्रत्यय जोडिँदा 'रह'का अन्त्यमा रहेको 'अ' स्वर लोप हुन जान्छ ।

९. द्विस्वरान्त (उकारान्त) धातुमा 'इ', 'ए', 'य्'बाट सुरू भएका प्रत्यय जाडिँदा धातुमा रहेको 'आउ' द्विस्वरको पछिल्लो अंश 'उ' लोप हुन्छ ।

१०.व्यञ्जनान्त धातुमा कुनै पनि रूपायक प्रत्यय जोडिँदा कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन ।

११.कुनै पनि धातुमा 'नेछ' रूपायक प्रत्यय जोडिँदा पनि कुनै किसिमको रूपध्वन्यात्मक परिवर्तन हुँदैन ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज.(२०४९)*समसामयिक नेपाली व्याकरण.*विद्यार्थी पुस्तक भण्डार ।

...........................(२०६७)*प्रयोगात्मक नेपाली व्याकरण* (ते. सं.). साफा प्रकाशन ।

गिरी, जीवेन्द्रदेव.(२०६३)*भाषा विज्ञान, भाषा र भाषिका.* एकता बुक्स।

ढकाल, शान्तिप्रसाद.(२०७०) *सामान्य भाषाविज्ञान.* शुभकामना प्रकाशन प्रा. लि. ।

न्यौपाने, टङ्कप्रसाद र दीपकप्रसाद न्यौपाने.(२०६३)*रूप विज्ञान.* भुँडी पुराण प्रकाशन।

यादव, योगेन्द्रप्रसाद र भिमनारायण रेग्मी.(२०५८)*भाषा विज्ञान* .न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज.(२०५९)*शब्द रचना र वर्णविन्यास.* नवीन प्रकाशन ।